# <u>रोजगारीको आय</u>

## १. रोजगारीको आयमा कुन कुन आय समावेश हुन्छ ?

रोजगारीको आय अर्थात् पारिश्रमिक आयमा रोजगारीसँग सम्बन्धित ज्याला, तलब, विदा वापतको रकम, अतिरिक्त समय भत्ता, शुल्क, कमिशन, पुरस्कार, उपहार, बोनस, महङ्गी भत्ता, जीवन निर्वाह खर्च, भाडा, मनोरञ्जन वा यातायात भत्ता, शैक्षिक भत्ता, समायोजन भत्ता, कुनै पनि व्यक्तिगत भत्ता वा सुविधा, व्यक्तिगत प्रयोजनको लागि गरेको खर्चको फछ्र्यौट वा सोधभर्ना भुक्तानी, रोजगारीको शर्तमा सहमति जनाए वापतको भुक्तानी, रोजगारीको अन्त्य, नोक्सानी वा अनिवार्य अवकाश वापतको भुक्तानी, अवकाश भुक्तानी (जस्तै क.सं.कोष, नागरिक लगानी कोषबाट हुने भुक्तानी, उपदान, निवृत्तिभरण) तथा रोजगारीका सम्बन्धमा गरिएका अन्य कुनै पनि भुक्तानी पर्दछ ।

## २. रोजगारीको आय कति भएमा कर तिर्नुपर्दछ ?

आर्थिक ऐन, २०७३ ले रोजगारीको करयोग्य आयमा कुनै स्लाबको छुट नदिई शुरुको ३ लाख ५० हजार रुपैयाँसम्म (व्यक्तिका लागि) वा ४ लाख रुपैयाँसम्म (दम्पत्तिका लागि) १ प्रतिशत कर लाग्ने, तत्पश्चातको रु. १ लाखसम्म १५ प्रतिशतले कर लाग्ने ,सोभन्दा बढि पच्चिस लाख सम्मको करयोग्य आयमा २५ प्रतिशतले कर लाग्ने र रु. २५,००,०००।०० भन्दा बढी करायोग्य आय रकममा २५ प्रतिशतले हुने कर र सो करको दरमा थप ४० प्रतिशत अतिरिक्त कर लाग्न  व्यवस्था गरेको छ ।

## ३. रोजगारीको आयमा लाग्ने कर कहिले दाखिला गर्नु पर्दछ ?

प्रत्येक महिनाको पारिश्रमिक रकमको भुक्तानीसँगै वा पटके रकमको भुक्तानीमा अग्रिम कर कट्टीको माध्यमले पारिश्रमिक आयकर दाखिला गर्नु पर्दछ ।

## ४. कर कहाँ बुझाउनु पर्दछ ?

रोजगारदाताले गरेको अग्रिम कर कट्टी रकम सम्बन्धित (नजिकको रोजगारदाताको कार्यालय रहेको स्थानसँग सम्बद्ध वा पारिश्रमिक भुक्तानी हुने स्थानसँग सम्बद्ध) ठुला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयमा दाखिला गर्नु पर्दछ । यस्तो कर कट्टी रकम बैंकमा राजस्व बुझाई **e-TDS** का माध्यमले विवरण बुझाई दाखिला गर्न सकिन्छ । रोजगारदाताले कर कट्टी नगरेको अवस्थामा सम्बन्धित करदाता (रोजगारी गर्ने व्यक्ति वा दम्पत्ति) स्वयंले आफ्नो कर रकम गणना गरी दाखिला गर्नु पर्दछ । एकै पटक एकभन्दा बढी रोजगारी गर्ने व्यक्ति वा रोजगारी सँगै व्यवसायको पनि आय हुने व्यक्तिले आय विवरण दाखिला गर्नु पर्दछ,। अन्यथा अग्रिम कर कट्टी गरी दाखिला भएपछि सम्बन्धित करदाताले (रोजगारी गर्ने व्यक्तिले) आय विवरण बुझाउनु पर्दैन ।

## ५. करको गणना कसले गर्छ ?

पारिश्रमिक भुक्तानी गर्ने रोजगारदाताको कार्यालयले (त्यहाँको लेखा अधिकारीले) करको गणना गर्ने गर्दछ तर सम्बन्धित कर्मचारी (रोजगारी गर्ने व्यक्ति) ले आफ्नो वैयक्तिक विवरण (जस्तै व्यक्ति वा दम्पत्तिको छनौट, औषधि खर्च वापत कर मिलान दावी, अवकाश भुक्तानी वा लगानी विमाको प्रिमियम भुक्तानी) बारे आफ्नो कार्यालयको लेखापाललाई जानकारी गराउनु पर्दछ ।

## ६. कर तिर्न दर्ता हुनुपर्छ वा पर्दैन ?

रोजगारीको आयमा लाग्ने कर वा अन्य पेशा व्यवसायमा लाग्ने कर तिर्नु सम्बन्धित करदाताको दायित्व हो **र यसका लागि व्यक्तिगत स्थायी लेखा नम्वर ( PAN ) लिनु पर्दछ ।** अग्रिम कर कट्टी गर्ने व्यक्तिले पनि अनिवार्य रुपमा **PAN** लिनै पर्दछ । **PAN** लिनु पर्ने व्यक्तिले **PAN** नलिंदा शुल्क लाग्छ ।

**७. कर तिरेको निस्सा/प्रमाण के हुन्छ ?**

अग्रिम कर कट्टी गरी राजस्व दाखिला गर्ने आफ्नो रोजगारदाता (त्यसको लेखा अधिकारी) बाट आफ्नो पारिश्रमिकमा कर कट्टी गरी दाखिला गरेको प्रमाण लिनु पर्दछ । यसरी अग्रिम कर कटटी गर्ने व्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र विद्युतीय माध्यमबाट **E- TDS** विवरण र कर रकम दाखिला गर्नुपर्दछ । अग्रिम कर कटटी हुने व्यक्तिले आफूले **व्यक्तिगत स्थायी लेखा नम्वर ( PAN ) प्रदान गर्ने** आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालय र ठूला करदाता कार्यालयबाट **User name** र **Password** समेत लिई स्वयले आफनो नाममा दाखिला भएको अग्रिम करकटट्ीको विवरणको जानकारी प्राप्त गर्न सकिन्छ । त्यस्तो प्रमाणको आधारमा आफूलाई कुनै कारणवश 'कर चुक्ता प्रमाण' आवश्यक परे सम्बन्धित आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालय र ठूला करदाता कार्यालयबाट (आफ्नो कर दाखिला भएको वा आफूले **PAN** लिएको कार्यालयबाट) 'कर चुक्ता प्रमाण' पनि पाउन सकिन्छ ।

**८. कर जहा तिरेपनि हुन्छ कि निश्चित स्थानमा तिर्नुपर्छ ?**

रोजगारीको आयमा आफूले कर तिर्ने नभई रोजगारदाताले कर कट्टी गर्ने भएकोले रोजगारदाताले नजिकको आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालय र ठूला करदाता कार्यालयमा यस्तो कर रकम दाखिला गर्नु पर्दछ । तपाईंले सम्पर्क गर्दा सम्बन्धित कार्यालयहरुमा गर्नुपर्दछ ।

**९. करको गणना गलत भएमा के गर्नुपर्छ ?**

करको गणना गलत भएमा सोको जानकारी आफुलाई वा लेखा अधिकारीलाई हुने वित्तिकै सो गल्ती सच्याई आगामी महिनादेखि दाखिला गर्ने कर रकममा समायोजन गर्नु पर्दछ । आर्थिक वर्षको अन्त्यमा मात्र यस्तो त्रुटी थाहा हुन आए बढी कर दाखिला भएको भए आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालय र ठूला करदाता कार्यालयबाट कर फिर्ता माग गर्नु पर्दछ भने कम कर दाखिला भएको भए सोको विवरण र लाग्ने शुल्क/ब्याज साथ घटी तिरेको कर ( थप्नु पर्ने कर रकम) तुरुन्त दाखिला गर्नुपर्दछ ।

**१०. रोजगारीको आयमात्र हुनेले आय विवरण कुभाउनु पर्छ पर्दैन ?**

प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा चालिख लाख रुपैया भन्दा बढी आय भएमा ऐनको दफा ९६ बमोजिम आय विवरण पेश गर्नु पर्ने छ सो भन्दा कम पारिश्रमिक आय मात्र हुने बासिन्दा व्यक्तिको एकपटकमा एउटा मात्र रोजगारदाता भए तथा चन्दा खर्च दावी नगरेको भए आय विवरण बुझाउनु पर्दैन । अन्य सबै अवस्थामा आय विवरण बुझाउनु पर्दछ ।

**११. रोजगारीको आय वाहेक अन्य आय प्राप्त भएमा के गर्नुपर्छ ?**

रोजगारीको आय बाहेक श्रोतमा अन्तिम करको रुपमा कट्टी हुने भुक्तानीहरु (जस्तै घर बहाल, ब्याज, लाभांश, बैठक भत्ता, पटके रुपमा अध्यापन गरे वापतको भुक्तानी, अवकाश भुक्तानी, लगानी विमाको भुक्तानी) बाट हुने आय मात्र छ भने आय विवरण पेश गर्नु पर्दैन । सो बाहेक उद्योग, व्यापार, पेशा, व्यवसाय वा लगानीका अन्य आयहरु प्राप्त भएका छन् भने आय विवरण पेश गर्नु पर्दछ ।

**१२. निवृतिभरणमा कर लाग्दछ कि लाग्दैन ? कर्मचारी संचयकोष र औषधी उपचार वापत पाइने रकममा कर लाग्दछ कि लाग्दैन ?**

निवृत्तिभरणमा कर लाग्दछ । तर सामाजिक सुरक्षा कर बापत १ प्रतिशतले लाग्ने कर भने लाग्दैन । कर्मचारी संचयकोष र औषधि उपचार वापत पाइने रकममा कर लाग्दछ ।

**१३. कम्पनीले दिएको घर र सवारी साधन सुविधामा कर लाग्दछ कि लाग्दैन ?**

रोजगारदाता कम्पनीले दिएको घर र सवारी साधनको सुविधालाई परिमाणिकरण गरी निश्चत दरले आयमा समावेश गर्नुपर्दछ । यस्तो परिमाणीकरण गर्ने तरिका निम्नानुसार छ :

(क) सवारी साधन सुविधा लिएको हकमा खाईपाई आएको तलबको शुन्य दशमलब पाँच प्रतिशतले हुने रकम कर योग्य आयमा समावेश गर्नु पर्दछ ।

(ख) भवन (आवास) सुविधा लिएको हकमा खाईपाई आएको तलबको दुई प्रतिशतले हुने रकम कर योग्य आयमा समावेश गर्नु पर्दछ ।

**१४. अरु सुविधा (Fringe benefits ) मा कर लाग्दछ कि लाग्दैन ?**

जुनसुकै प्रकारको सुविधा वा **Fringe benefit** लाई पारिश्रमिक आयमा समावेश गरी करयोग्य आयको गणना गर्नुपर्दछ । सबै प्रकारको भुक्तानी (रोजगारीसँग सम्बन्धित) मा कर लाग्ने हुँदा कर योजना **(Tax Planning)** नगर्दा समयको बचत हुन्छ । जिन्सी वा सेवामा भुक्तानी पाएको भए वा बजार मूल्यभन्दा सहुलियत दरमा कुनै सुविधा पाएको भए (जस्तै मोल नपर्ने उपहार वा सस्तो दरको ब्याजमा ऋण सुविधा) वा परोक्ष रुपमा (तेस्रो व्यक्ति मार्फत् जस्तै विद्यालयलाई सोझै रोजगारदाताले केटाकेटीको फिस तिरि दिएको अवस्थामा) कुनै सुविधा प्राप्त गरेको भए पनि प्रचलित बजार मूल्य अनुसार यस्तो जिन्सी वा सेवा सुविधाको परिमाणिकरण **(Quantification)** र मूल्यांकन गरी हुन आउने रकम करयोग्य आयमा समावेश गर्नुपर्दछ ।

**१५. रोजगारीको आय हुने व्यक्तिले सवारी साधनको सुबिधा वापत प्राप्त गरेको नगद रकम छ भने त्यस्तो रकमको आय गणना कसरी गर्नु पर्दछ ?**

रोजगारीको आय हुने व्यक्तिले सवारी साधनको सुबिधा वापत नगद प्राप्त गरेको छ भने त्यस्तो प्राप्त सम्पूर्ण नगद रकम सो व्यक्तिको रोजगारीको आयमा समाबेश गर्नु पर्दछ ।